# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं.

च.नं. ४९३४

मिति ......................

२०७५।०२।०२

इटहरी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं.-१, सुनसरी, नेपाल स्था. २०७३

**बिषय :- निर्णयको प्रतिलिपी पठाईएको ।**

श्री इटहरी उप-महानगरपालिका

श्री लेखा शाखा, योजना शाखा, घरनक्सा शाखा, राजश्व शाखा, सामाजिक विकास शाखा, जिन्सी शाखा, सुचना शाखा, बिपत् व्यवस्थापन शाखा, शिक्षा शाखा, कृषि शाखा, पशु शाखा, स्वास्थ्य शाखा

उपरोक्त सम्बन्धमा यस इटहरी उप-महानगरपालिका नगरकार्यपालिकाको मिति २०७५।०१।३१ गते बसेको बैठक संख्या २३ को बैठक निर्णयहरु यसै साथ संलग्न राखी आवश्यक कार्यान्वयनका लागि पठाईएको व्यहोरा अनुरोध छ ।

२/२

.............................

नि० प्रमुख प्रशासकीय अधिकृत

## कार्यपालिका बैठक मिति २०७५।०१।३१

बैठक संख्या २३

**निर्णय नं.-१**

गत बर्ष २०७४ साल श्रावण २७ र २८ गते आएंको बुढी खोलाको बाढीले Land fill site मा निर्माण गरिएको Guide bund र तारजाली बगाएको हुँदा पुनः सोही निर्माण कार्य गर्ने साथै Land fill site प्रवेश मार्गको ड्रेन, कल्भर्ट, कालोपत्रे निर्माण कार्यमा ठेक्का अंक रु. ७४४६१२४७०६ बाट venation भई नया कायम भएको ठेक्का अंक रु. ६४३८०६३३।२४ स्वीतार्थ निर्णय गरियो ।

**निर्णय नं. २**

इटहरी उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालय परिषर भित्र रहेका मेचीकाली पोखरीमा रहेका स्थानीय माछा लिलाम विक्रीका लागि रहु, नैनी जातका माछा न्युनतम रु. २७०।- (दुई सय सत्तरी) र अन्य जातका माछा न्युनतम रु. १७०।- (एक सय सत्तरी) दररेट कायम गरी खरिद विक्री गर्नका लागि तपसिल अनुसारको एक समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक : श्री गौरीमान परियार

२. सदस्य : श्री नारायण प्रसाद आचार्य

३. सदस्य : श्री जिन्सी शाखा प्रतिनिधि

४. सदस्य : श्री आर्थिक प्रशासन शाखा प्रतिनिधि

५. सदस्य : श्री नगरप्रहरी शाखा प्रतिनिधि

**निर्णय नं. ३**

यस इटहरी उप-महानगरपालिका अर्न्तगत गरिबका लागि खानेपानी कार्यक्रम संचालनका लागि इटहरी खानेपानी उपभोक्ता संस्था सँग गरिब तथा सिमान्तकृत बर्गका घरहरु पहिचान गरी धारा जडानका लागि सम्झौताको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस इटहरी उप-महानगरपालिकाको बिशेष नगरसभा बैठक आगामी जेठ १६ र १७ गते बस्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

इटहरी उप-महानगरपालिका नगरकार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री पिताम्बर अधिकारी बैदेशिक अध्ययन तथा भ्रमण काजमा जानु भएको हुँदा निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री भुपेन्द्र प्रसाद कोइरालाको नाम तथा दस्तखतबाट प्रमुख प्रशासकीय अधिकृत फर्की नआए सम्म तथा मन्त्रालयबाट तोकि नआए सम्मलाई नगरकार्यपालिकाको खाता संचालन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारीस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

इटहरी उप-महानगरपालिकाबाट मिति २०७४।११।२९ गतेको ब्लाष्ट टाईम्स दैनिकमा प्रकाशित सूचना अनुसार १२ जना कार्यालय सहयोगी सेवा करारमा लिने सम्बन्धी सूचना प्रकाशित भई म्याद भित्र पर्न आएका दरखास्त दिने उम्मेद्वारहरुको अन्तरवार्ता परीक्षा रद्ध गरी सबै उम्मेद्वारहरुको आवेदन शुल्क वापत लिएको रकम फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

(क) इटहरी उप-महानगरपालिका कार्यालय अन्तर्गत संचालन हुने इटहरी प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी १५ सैयाको अस्पताल संचालन गर्न यस कार्यपालिकाको मिति २०७४।११।२२ गते निर्णय नं.४ बाट आवश्यक जनशक्ति सिफारीस गर्न यस उप-महानगरपालिकाका उप सचिव श्री

नि० प्रमुख प्रशासकीय अधिकृत

भुपेन्द्र प्रसाद कोइरालाको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदन स्वीकृत गरी सो प्रतिवेदनमा उल्लेखित अनुसारको जनशक्ति आवश्यक परेको हुँदा सेवा करारमा आवश्यक कानुनी प्रकृया पुरा गरी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

१. बिशेषज्ञ डाक्टर १ जना (अधिकृत स्तर नवौं तह)
२. मेडिकल अधिकृत १ जना (अधिकृत स्तर आठौं तह)
३. हेल्थ असिस्टेण्ट २ जना (सहायक पाँचौं तह)
४. स्टाफ नर्स २ जना (सहायक पाँचौं तह)
५. रेडियोग्राफर १ जना (सहायक पाँचौं तह)
६. अ.न.मि. २ जना (सहायक चौथो तह)
७. अ.हे.ब. २ जना (सहायक चौथो तह)
८. ल्याब असिस्टेण्ट १ जना (सहायक चौथो तह)
९. फार्मेसी असिस्टेण्ट १ जना (सहायक पाँचौ तह)
१०. कार्यालय सहयोगी २ जना (श्रेणी विहिन)

(ख) इटहरी उप-महानगरपालिका कार्यालय अन्तर्गत २४ घण्टे बर्थिङ्ग सेन्टर संचालन गर्न स्वास्थ्य चौकी पकली र स्वास्थ्य चौकी एकम्बाको लागि देहाय बमोजिमको जनशक्ति आवश्यक परेको हुँदा सेवा करारमा लिनका लागि आवश्यक कानुनी प्रकृया पुरा गरी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

१. अ.न.मि. ४ जना (सहायक चौथो) : २ जना पकली र २ जना एकम्बा
२. कार्यालय सहयोगी २ जना (श्रेणी विहिन) : १ जना पकली र १ जना एकम्बा

**निर्णय नं. ८**

निर्णय नं. ७ मा निर्णय भए बमोजिम कर्मचारी सेवा करारमा लिनका लागि देहाय बमोजिमको कर्मचारी छनौट तथा सिफारीस समिति गठन गर्ने निर्णय गरियो ।

(क) संयोजक : प्रमुख प्रशासकीय अधिकृत श्री भुपेन्द्र प्रसाद कोइराला
(ख) सदस्य : प्रशासकीय अधिकृत श्री दिपक दाहाल
(ग) सदस्य : बरिष्ठ इन्जिनियर श्री अर्जुन कुमार दाहाल
(घ) सदस्य : सामाजिक विकास अधिकृत श्री माया राई
(ङ) सदस्य : जनस्वास्थ्य अधिकृत श्री रामचरण चौधरी

**निर्णय नं. ९**

इटहरी उप महानगरपालिका वडा नं.५ स्थित ज्योति मा.वि. परिसर भित्र रहेको कृषि भवन जिर्ण भएको हुदा उक्त भवन तथा जग्गा ज्योति मा.वि. लाई भोग हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

इटहरी उप महानगरपालिका बाट चालु आ.व.मा सन्चालन भई रहेका योजनाहरुमा केही योजना हरु शंसोधन हुने भएको हुदा शंसोधन हुने योजनाहरु शंसोधन गरी आगामी मिति २०७५।२।७ गते भित्रमा सम्पुर्ण योजनाहरु सम्झौता गरि सक्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस इटहरी उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा कामकाज गर्न खटि आउनु भएका स्थायी तथा अस्थायी कर्मचारीहरुलाई अन्य कर्मचारीहरुले पाए सरह हाजिर भएका मिति देखी मासिक रुपमा खाजा भत्ता उपलब्ध गराउने निर्णय गरियो।

नि० प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. १२

चालु आ.ब. ०७४।०७५ का लागि स्वीकृत बजेट योजना तथा कार्यक्रम बमोजिम नगरसभाबाट स्वीकृत योजना कार्यक्रमहरुलाई देहाय बमोजिम संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र. सं. | स्वीकृत भएको योजनाहरु | साविक स्वीकृत रकम | वडा नं. | संसोधन हुनुपर्ने योजनाहरु | संसोधित रकम |
|---|---|---|---|---|---|
| १. | प्रगति टोल केदारकार्कीको घर लाईनमा स्ल्याब / कल्भर्ट | ७५ हजार | १९ | धन बहादुर पुरीको घर पछाडीको बाटो ड्रेन | ५० हजार |
| | | | १९ | अमाहा स्थित कुमारी खड्काको घर अगाडी भुटाहा खोलामा स्ल्याव | २५ हजार |
| २. | भुपाल थापाको घर देखि शिवभक्तको घर सम्म ड्रेन निर्माण | २ लाख | १३ | कल्पना कार्कीको घर देखि फणिन्द्र काफ्लेको घर सम्म र सो छेउछाउको बाटोमा ग्राभेल | २ लाख |
| ३. | सतन मार्ग प्रोटेक्सन वाल | ९ लाख | ८ | सतन मार्ग प्रोटेक्सन वाल | ७ लाख २५ हजार |
| | | | ८ | दिनाभद्री मन्दिर निर्माण मुसहरी टोल | १ लाख ७५ हजार |
| ४. | अरनिको मार्ग प्रोटेक्सन वाल | १ लाख | ८ | सिद्धदेवी मार्ग ग्राभेल गोदावारी टोल | १ लाख |
| ५. | सेतो गुरास खेल मैदान व्यवस्थापन | २ लाख ५० हजार | ८ | सेतो गुरासको भवनमा जिप्सन बोर्ड लगाउने | २ लाख ५० हजार |
| ६. | बि.पि. संयुक्त कल्भर्टनिर्माण | ३ लाख | ९ | कस्तुरी मार्ग प्रोटेक्सन वाल | १ लाख |
| | | | ९ | काशीमार्ग कल्भर्ट निर्माण | १ लाख |
| | | | ९ | आकाश मार्ग ग्राभेल | १ लाख |
| ७. | बलभद्र मार्ग टायर्स | १ लाख | ९ | कोशी मार्ग ग्राभेल | १ लाख |
| ८. | पशुपति मार्ग टायर्स | १ लाख | ९ | छिमेकी मार्ग ग्राभेल | १ लाख |
| ९. | दुर्गामार्ग ड्रेन निर्माण | २ लाख | ७ | वडा समितिको कार्यालयमा कोठा थप | २ लाख |
| १० | कदम चोक देखि गंगाराम चौधरीको घर जाने बाटो ड्रेन निर्माण | १ लाख | ७ | वडा समितिको कार्यालयमा कोठा थप | १ लाख |
| ११. | सुगालालको घरबाट दिनाभद्री जाने बाटो ड्रेन निर्माण | १ लाख | ७ | वडा समितिको कार्यालयमा कोठा थप | १ लाख |
| १२. | रामजानकी मन्दिर पश्चिम ड्रेन निर्माण | २ लाख | ७ | वडा समितिको कार्यालयमा कोठा थप | २ लाख |
| १३. | गढीगाट चोक देखि कमल कुमारीको घर सम्म ड्रेन | १ लाख | ७ | सितल मार्ग र कामना मार्ग बिचको सुमंगल मार्गको अधुरो ड्रेन निर्माण | १ लाख |
| १४ | रुपेश चौधरीको दोकान देखि पश्चिम मुल पैनी जोड्ने बाटो | १ लाख | ११ | बन्ठाको घर देखि पूर्व बुढी खोला सम्म प्रोटेक्सन वाल | १ लाख |

नि० प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १३**

इटहरी उप महानगरपालिका वडा नं.८ मा साढेगोरुको आक्रमण वाट मृत्यु हुनु भएका इटहरी ८ सयपत्री टोल निवासी श्रीमती गीता आङबुहाङ्गको परिवारलाई काजक्रिया खर्च वापत रु. २५,०००।- ( पच्चिस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४**

(क) साविक गा.वि.स.हरु र न.पा.को स्तर उन्नती भई उप-महानगरपालिकामा परिणत हुनु भन्दा अगाडी निर्माण भई नक्सा पास प्रकृयामा आउन छुट भएका घर, भवन, गोदाम आदिको प्रचलित मापदण्ड र संहिता पुरा भएको हकमा वडा समितिको रोहबरमा प्राविधिक सहित निरिक्षण गरी वडा समितिको कार्यालयको सिफारीसमा नियम बमोजिमको दस्तुर, धरौटी र जरिवाना लिई नक्सा दर्ता गरी नक्सा पासको प्रकृया अगाडी बढाईने तर प्रचलित मापदण्ड र संहिता नपुगेका संरचनाहरुको हकमा नियम बमोजिमको दस्तुर लिई नक्सा अभिलेखीकरण प्रमाण पत्र प्रदान गर्नका लागि १५ दिनको सूचना प्रकाशित गरी आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

(ख) राष्ट्रिय भवन संहितालाई सवल ढंगले पालना गराउने कार्यका लागि भुकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) ले यस इटहरी उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालय सँग सम्झौता गर्न प्रस्ताव पेश गरेकाले सो सम्झौता गर्ने निर्णय गरियो ।

(ग) चेतन लामिछानेले वार्ड नं. ४/क को कित्ता नं. ३२५४ को ज.वि. ०-०-६.५ मा नक्सा पासका लागि निवेदन दर्ता गरी नक्सा पासको प्रकृया समेत अगि बढी सकेको अवस्थामा निजको जग्गाको उत्तर र दक्षिण दुवै तर्फमा नक्सामा नेपाल सरकारको नामको जग्गा देखिएकोमा उत्तर तर्फको जग्गा बाटोको रुपमा प्रयोगमा आईरहेको तर दक्षिण तर्फको जग्गा बाटोको रुपमा प्रयोगमा आउने किसिमको नभएकोले साथै सो दक्षिण तर्फको जग्गा किनबेच गरि बाँकी रहेको जग्गालाई नेपाल सरकारको नाममा चढाएको समेत बुझ्न आएकोले निज चेतन लामिछानेको नक्सा पास गर्दा उत्तर तर्फको नेपाल सरकारको जग्गालाई बाटोको रुपमा आधारमानी नक्सा पा स गरी दिने निर्णय गरियो।

नि० प्रमुख प्रशासकीय अधिकृत